नेपाल सरकार

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार, काठमाडौं

प.सं.

च.नं.

प्रेस विज्ञप्ति

"सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" का सम्बन्धमा ekantipur.com तथा Kantipur TV HD मा प्रकाशन भएको अनर्गल समाचार तथा टिप्पणीका सन्दर्भमा यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट च.नं. ३४९, मिति २०८३/२/१२ को पत्रमार्फत "सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" उपर यस मन्त्रालयको तर्जुमा सहमति माग भई आएको छ । प्रस्तुत विधेयकको मस्यौदाउपर विधायन ऐन, २०८१ को दफा ९ को उपदफा (२) बमोजिमको विवरण माग गरिएकोमा विधेयकको प्रत्यायोजित विधायन (नियमावली) को मस्यौदा र व्याख्यात्मक टिप्पणी मिति २०८३/३/३ मा यस मन्त्रालयमा प्राप्त भई मस्यौदाउपर आवश्यक छलफल र परिमार्जन भइरहेको जानकारी गराउँछौं।

यस प्रक्रियाका सम्बन्धमा यस मन्त्रालय, माननीय मन्त्रीज्यू तथा भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई समेत जोडेर प्रकाशित तथा प्रसारित गरिएका तथ्यहीन, आधारहीन, भ्रामक तथा आत्मपरक समाचार, टिप्पणी र विश्लेषणप्रति मन्त्रालय खेद प्रकट गर्दछ।

विधेयक तर्जुमा तथा कानून निर्माणको प्रक्रिया संविधान, प्रचलित कानून तथा स्थापित विधायन प्रक्रियाअनुसार सम्बन्धित मन्त्रालयहरूबिच आवश्यक समन्वय, परामर्श तथा संस्थागत छलफलका माध्यमबाट अगाडि बढाइने नियमित र निरन्तर प्रशासनिक प्रक्रिया हो। यस क्रममा सम्बन्धित निकायहरूबिच विचार, सुझाव तथा कानूनी रायको आदानप्रदान हुनु स्वाभाविक र अपरिहार्य विषय हो। यस्ता प्रक्रियालाई विकृत हुने गरी अपुष्ट, अप्रमाणित वा भ्रामक सूचना सम्प्रेषण गर्नु कानून निर्माण प्रक्रियाको वस्तुगत यथार्थभन्दा विपरीत हुने मात्र नभई सम्बन्धित निकायप्रति जनमानसमा अनावश्यक भ्रम सिर्जना गर्ने कार्यसमेत हुनु हो।

संघीय प्रशासनिक अन्तरसम्बन्ध, राष्ट्रसेवक कर्मचारीहरूको सेवा, सुविधा तथा वृत्ति विकाससँग प्रत्यक्ष सरोकार राख्ने विषयमा आधिकारिक निर्णय हुनुअघि नै अपुष्ट सूचना तथा अनुमानमा आधारित समाचार, टिप्पणी वा विश्लेषण सम्प्रेषण गर्दा राष्ट्रसेवक कर्मचारीहरूमा अन्योल, त्रास तथा अनावश्यक मनोवैज्ञानिक दबाब सिर्जना हुन सक्ने भएकाले यस प्रकारका भ्रामक सामग्रीप्रति सबै पक्षलाई जिम्मेवार, संयमित तथा तथ्यपरक हुन मन्त्रालय आग्रह गर्दछ।

विधेयकको मस्यौदा हाल आवश्यक कानूनी परीक्षण, अन्तरनिकाय समन्वय तथा मस्यौदा परिमार्जनकै चरणमा रहेकोले यस मन्त्रालयबाट अन्तिम मस्यौदामा तर्जुमा सहमति प्रदान हुनुअघि विभिन्न सञ्चारमाध्यम वा सामाजिक सञ्जालमा आएका अपुष्ट समाचार तथा टिप्पणीलाई आधिकारिक धारणा वा निर्णयका रूपमा नबुझ्न सम्पूर्ण सरोकारवाला, आमसञ्चार माध्यम तथा राष्ट्रसेवक कर्मचारीहरूलाई अनुरोध गरिन्छ।

साथै, कानून निर्माणजस्तो संवेदनशील विषयमा तथ्यको पुष्टि नगरी अनुमान, अड्कल वा अपुष्ट स्रोतका आधारमा गरिने समाचार सम्प्रेषण तथा तथाकथित "मिडिया ट्रायल" ले स्वस्थ छलफल, विधायन प्रक्रिया तथा सार्वजनिक संस्थाप्रतिको विश्वासमा प्रतिकूल प्रभाव पार्न सक्ने भएकाले यस्ता कार्यबाट संयमित रहन र आधिकारिक स्रोतबाट प्राप्त तथ्य तथा सूचनाका आधारमा मात्र समाचार सम्प्रेषण गर्न सम्पूर्ण सञ्चारमाध्यम, सरोकारवाला निकाय तथा आम नागरिकमा यस मन्त्रालय हार्दिक अनुरोध गर्दछ।

(दल बहादुर अधिकारी)
सहसचिव तथा प्रवक्ता

मिति २०८३/३/२३
ने.सं. ११४६ तछलागा सप्तमी

सिंहदरबार, काठमाडौं
फोन : ०१-४२११८७२, ४२११९७४, ४२११९८७, इमेल : infolaw@moljpa.gov.np
Website : www.moljpa.gov.np